## मिति २०७५।१२।२७ गते नेपालगंज उपमहानगरका नगर प्रमुख डा. धवल शम्शेर राणाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठक निर्णयहरु

१) यस नेपालगंज उपमहानगरपालिकाको एकिकृत फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न नगरक्षेत्रको फोहर श्रोतमै बर्गिकरण (कुहिने र नकुहिने) गरी उक्त फोहर नवनिर्मित सेनिटरी ल्याण्डफिल्ड साईटमा लैजान नमूनाको रुपमा (Pilot Program) १५ दिनको लागि नगरक्षेत्रलाई देहायबमोजिम ३ वटा जोन बमोजिम वडाहरु छनौट गरी उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**कार्यक्रम लागु हुने जोन अनुसारका वडाहरु**

| क्र.सं. | जोन नम्बर | वडा नं. |
|---|---|---|
| १ | १ | ४ र ८ |
| २ | २ | १ र १२ |
| ३ | ३ | १३ र १८ |

२) मध्यपश्चिम स्रष्टा समाज, नेपालगंजले आफनो मुखपत्र सिर्जनालाई नेपालगंज शहरको ऐतिहासिक, व्यवसायिक, शैक्षिक, सामाजिक, बिगत वर्तमान र भविष्यका विभिन्न आयामहरु समेटेर सद्भावको शहर नेपालगंजको रुपमा प्रकाशन गर्नको लागि आवश्यक बजेटको सहयोगको लागि उक्त समाजको मिति २०७५।१२।२५ गतेको पत्र मार्फत पेश भएको प्रस्ताव माथि छलफल हुंदा उक्त प्रकाशन कार्यको लागि पेश भएको प्रस्ताव बमोजिमको रु. २,५०,०००।- (दुई लाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

३) मिति २०७५ चैत्र २५ गते नेपालगंज उद्योग वाणिज्य संघद्वारा नेपालगंज उपमहानगरपालिका स्थित त्रिभुवन चोकमा रहेको स्तम्भ निर्माण गर्ने क्रममा उठेको विवादका सम्बन्धमा यस बैठकमा छलफल भई घटना प्रति यस बैठकको गम्भीर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा उक्त स्तम्भलाई यथाशिघ्र साविककै अवस्थामा बनाई विवाद समाधानका लागि राजनैतिक दलहरु, स्थानीय बासी लगायत सरोकोरवालाहरुसंग छलफल, संबाद गरी प्राप्त सल्लाह सुझावका आधारमा कुनै पनि विवाद नहुने गरी निर्माण कार्य अगाडि बढाउन नेपालगंज उद्योग वाणिज्य संघलाई अनुरोध गर्ने निर्णय गरियो ।

४) यस नेपालगंज उपमहानगरपालिका वडा नं. १८ स्थित कारकांदो चोकमा उद्योग स्तम्भ (घण्टाघर) निर्माणको लागि सम्बन्धित वडाका जनप्रतिनिधि, स्थानीय बासीहरु सहितको बैठकको सहमति, सम्बन्धित वडा नं. १८को वडा कार्यालयको सिफारिस पत्र साथ नेपालगंज उद्योग वाणिज्य संघको च.नं. ६०० मिति २०७५।१२।२५ गतेको पत्र मार्फत सहमतिको लागि अनुरोध भै आएको सम्बन्धमा यस कार्यपालिकाको बैठकमा छलफल भै स्तम्भ निर्माण पूर्व उक्त चोकमा निर्माण कार्य सम्बन्धी सूचनामूलक होर्डिङ्ग बोर्ड राखी सम्बन्धित वडावासीहरुमा जानकारी गराई सबै राजनैतिकदलहरु, नागरिक समाज एवं वडा वासीहरुको समन्वयमा कुनै पनि विवाद नआउने गरी उक्त कार्य अगाडि बढाउनको लागि नेपालगंज उद्योग वाणिज्य संघलाई सहमति दिने निर्णय गरियो ।

५) यस नेपालगंज उपमहानगरपालिका वडा नं. १,३,७,९,१०,१५ र १८ मा रहेको विभिन्न पोखरीहरुमा माटोपटान तथा अन्य कार्य निर्माण गर्न र जिल्ला समन्वय समिति, बांकेको परिसर भित्रको खाली जमिनमा यस उपमहानगरपालिकाका सवारी साधनहरु राख्नको लागि ग्यारेज निर्माणको लागि नगरस्तरीय रकमान्तर गरिएको बजेटबाट निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

६) नेपाल रेडक्रस सोसाइटी सदरलाईन उप शाखालाई भवन निर्माण प्रयोजनार्थ नेपालगंज उपमहानगरपालिका वडा नं. ११ स्थित सिट नं. ०३५।१४४९-१५ कि.नं. २२५ को ३४ वर्ग मिटर जग्गाको प्लट रजिष्टर र फिल्ड बुकमा जोताहा र जग्गा धनीको नाम थर वतनको महलमा खाली रहेको उक्त जग्गा कोही कसैको नाममा दर्ता नभएको सार्वजनिक नेपाल सरकारको सम्पती स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११७ (क) को (७)ले सार्वजनिक ऐलानी र प्रति जग्गाको संरक्षण र सुरक्षा गर्न नगरपालिकालाई रहेको हुँदा र यस उपमहानगरपालिकाका कानूनी सल्लाहकार द्वय श्री वासुदेव ज्ञवाली र लोक बहादुर शाहबाट संयुक्त रुपमा पेश भएको उल्लेखित जग्गा नगरपालिकाको स्वामित्वमा रहने गरी प्रयोग गर्न दिन मिल्ने सहितको रायसुझावको आधारमा नेपालगंज उपमहानगरपालिका वडा नं. ११ स्थित सिट नं. ०३५।१४४९-१५ कि.नं. २२५ को ३४ वर्ग मिटर जग्गामा नेपालगंज उपमहानगरपालिकाको स्वामित्वमा रहने गरी नेपाल रेडक्रस सोसाईटी सदरलाईन उपशाखालाई भवन निर्माण गरी प्रयोग गर्न दिने निर्णय गरियो ।

७) यस उपमहानगरपालिका अन्तर्गत गठित सामाजिक विकास समितिको मिति २०७५।१२।२७ गतेको बैठकबाट भएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क). यस उप-महानगरपालिकाको चालू आ.व.२०७५।०७६ का लागि स्वीकृत प्रवर्द्धनात्मक एवं लक्षित वर्ग अन्तर्गत सम्पन्न हुन बाँकी रहेका कार्यक्रम वारेमा छलफल भै देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

- प्रवर्द्धनात्मक कार्यक्रमको क्र.सं. ११ मा दलित वर्गका लागि आय आर्जन सम्बन्धि कार्यक्रममा विनियोजित रु ४०००००।- (चारलाख) बजेट बाट प्रत्येक वडाका २ जना गरि ४६ जना र बाँकी ४ जना प्रमुख/उप-प्रमुखज्यू संगको परामर्शमा नाम संकलन हुने गरि हलुका सवारी चालक अनुमतिको प्रशिक्षण लिन ईच्छुक उम्मेदवारहरुको लागि दरखास्त गर्न ७ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
- प्रवर्द्धनात्मक कार्यक्रमको क्र.सं. ६.१५ राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कृत गर्ने शिर्षकमा विनियोजित रु ५०००००।- (पाँचलाख) बाट के कसरी कुन मापदण्डका आधारमा प्रतियोगिताको

स्तर (अन्तरपालिका, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय) समेत निर्धारण गर्नका आवश्यक कार्यविधी प्रारुप बनाई छलफलका लागि आगामी बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

- प्रवर्द्धनात्मक कार्यक्रमको क्र.सं. ९ मा विनियोजित रु ५०००००।- मध्ये रु २६६०००।- को कार्यक्रम यस अघि नै जेसिज संग सम्झौता भै १८ वर्ष देखि २५ वर्ष उमेर समूहका युवाहरुलाई नेतृत्व विकासको तालिम प्रदान गरिसकिएको र उक्त तालिम प्रभावकारी समेत देखिएकोले अव १८ वर्ष देखि माथि ३५ वर्ष सम्मका युवाहरुलाई सोही प्रकृतिको तालिम प्रदान गर्न सो शिर्षकमा बाँकी रहेको रु २३४०००।- को बजेट प्रस्ताव पेश गर्न लगाई उक्त संस्थासंग सम्झौता गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।
- प्रवर्द्धनात्मक कार्यत्रमको क्र.सं. १४ मा मधेशी, मुस्लिमका लागि आयआर्जन सम्बन्धि कार्यक्रम शिर्षकमा विनियोजित रु ४०००००।- बाट सोहि समुदायका पुरुषलाई ड्राइभिङ्ग र महिलाहरुलाई कम्प्यूटर तथा बुटिक तालिम प्रदान गर्न ७ दिने दरखास्त आहवानका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
- प्रवर्द्धनात्मक कार्यत्रमको क्र.सं. १५. ज्येष्ठ नागरिक सम्बन्धि कार्यक्रम अन्तर्गत २३ वटै वडामा ज्येष्ठ नागरिकहरुकै सक्रियतामा उनीहरुको भेलाबाट वडास्तरीय जयेष्ठ नागरिक क्लव गठन गर्न लगाई बैंक खाता समेत खोली यस कार्यालयमा कागजातहरु पेश गरेको खण्डमा सो सम्बन्धि शिर्षकमा विनियोजित रु ५०००००।- लाई २३ वटा क्लवको खातामा रकम जम्मा गरिदिने साथै कुनै वडामा यस अघि नै सो सम्बन्धि कार्यमा ज्येष्ठ नागरिकहरुको हकहितमा काम गरिरहेको कुनै संगठन भएमा सोहि संगठनलाई मान्यता दिई सोहि नाममा रकम जम्मा गरिदिने निर्णय गरियो
- प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत क्र.सं. २२ पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित रकम रु ५०००००।- बाट नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २० रत्न राजमार्ग स्थित नेपालगञ्ज उप-महानगरपालिकाको सीमाना प्रारम्भ हुने स्थलमा स्वागत स्तम्भ बनाउने निर्णय गरियो ।
- चालू आ.व. का लागि स्वीकृत नगरस्तरीय कार्यक्रम अन्तर्गत क्र.सं. १० : आठौं राष्ट्रिय खेलकूद प्रतियोगितामा विनियोजित रु ७०००००।- बाट नेपालगञ्जमै हुन लागेको आसन्न आठौं राष्ट्रिय खेलकूद प्रतियोगितालाई भव्य रुपमा सफल बनाउन यस नगरपालिकाको तर्फबाट विभिन्न स्थानमा सौन्दर्यता अभिवृद्धि स्वागत गेट लगायतको कार्यमा खर्च गर्ने निर्णय गरियो ।
- सूचनाको हक र सुशासन सम्बन्धि ३ वटा क्लष्टरमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरि सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगञ्ज बांकेले रु ३१५०००।- को वजेट कार्यक्रम सहित प्रस्ताव प्रस्ताव पेश गरेकोमा सो मध्ये रु १०५०००।- बजेट खर्चको सीमामा रहि सो सम्बन्धि १ वटा मात्र कार्यक्रम सञ्चालनका लागि प्रवर्द्धनात्मक कार्यक्रम तर्फ क्र.सं. ७ क्षमता विकास कार्यक्रम शिर्षकमा विनियोजित रकम मध्येबाट खर्च भुक्तानी हुने गरि सो संस्थासंग सम्झौता गर्ने निर्णय गरियो ।
- बाँके नेत्रहीन क्रिकेट संघको मिति २०७५।११।२९ को प्राप्त पत्र र प्रस्ताव अनुसार उक्त संघको आयोजनामा नेपालगञ्जमा प्रथम प्रादेशिक दृष्टिविहिन क्रिकेट प्रतियोगिता आयोजना गर्नका लागि रु ४६६४००।- माग गरेकोमा यस उप-महानगरपालिकाको स्वीकृत चालू वर्षको प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत क्र.सं. ६.१७ : विभिन्न दिवसहरुमा खेलकूद कार्यक्रममा विनियोजित रकम मध्ये रु १०००००।- मात्र उपलब्ध हुने गरि कार्यक्रम सञ्चालनको लागि उक्त संघ संग सम्झौता गर्ने निर्णय गरियो ।
- यस उप-महानगरपालिकाको वडा नं. १ देखि २३ सम्मका आदिवासी जनजातिहरुका लक्षित व्यक्तिहरुलाई ५ वटा क्लष्टरमा च्याउ खेती तालिम सञ्चालन गर्ने गरि नेपाल आदिवासी जनजाति महासंघद्धारा मिति २०७५।१२।२६ गते यस कार्यालयमा रु ४०००००।- को बजेट माग सम्बन्धि प्रस्ताव पेश गर्नु भएकोमा चालू वर्षका लागि स्वीकृत वार्षिक वजेटको प्रवर्द्धनात्मक कार्यक्रम क्र.सं. १२ आदिवासी जनजातिका लागि आय-आर्जन सम्बन्धि कार्यक्रममा विनियोजित रकम बाट उक्त कार्य सम्पन्न गर्नका लागि महासंघ संग सम्झौता गरि कार्यान्वयन गर्न लगाउने निर्णय गरियो ।
- नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ११ मा रहेको ऐलानी तथा अपुतालि जग्गा भोगचलनका लागि कुनै संघ, संस्थालाई दिन मिल्ने वा नमिल्ने सम्बन्धमा यस कार्यालयका कानूनी सल्लाहकारको राय, सुझाव लिई कार्यान्वयन गर्ने निर्णय गरियो ।
- एशीयाली विकास बैंकको सहयोगमा यस उप-महानगरपालिकामा सञ्चालित क्षेत्रिय शहरी विकास आयोजना अन्तर्गत् नेपालगञ्जको फोहर व्यवस्थापनका लागि ल्याण्डफिल साईट निर्माण भै सम्पन्न हुने चरणमा पुगेको र प्रयोगका व्यापक जनचेतनामूलक कार्यक्रम चलाउनुपर्ने भएकोले हाल १ महिनाको लागि सो सम्बन्धि पाईलट प्रोजेक्ट वडा नं. १, ४, ८, १२, १३ र १८ मा सञ्चालन गर्नलाई उल्लेखित परियोजनाबाट पछि सोधभर्ना गर्ने गरि हाल यस कार्यालयबाट बजेट व्यवस्था गरि सम्बन्धित वडाले दैनिक रु ५००।- का दरले प्रोत्साहन बापत स्वयंसेवक सरसफाई परिचालक छनौट गरि परिचालन गर्ने निर्णय गरियो ।

ख). यस उपमहानगरपालिकाको चालु आ.व. २०७५/७६को बार्षिक स्विकृत अन्य लक्षित(नगर कार्यपालिका सदस्यद्धारा सञ्चालित) कार्यक्रममा विनियोज भएको बजेटबाट खर्च हुने गरी देहायका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो

- २३ वटै वडाका दलित, अल्पसंख्यक, सीमान्तकृत समुदायको जनप्रतिनीधिहरुको क्षमता अभिवृद्धीका लागि २ दिने तालिम संचालन गर्ने ।
- दलित, आदिवासी जनजाती तथा विपन्न समुदायको परम्परागत, पेशालाई आधुनिकीकरण गरी सञ्चालन सहयोग कार्यक्रममा विनियोजन बजेटबाट देहाय बमोजिमको कार्यक्रम संचालन गर्ने

✓ धोबी समुदायको पेशालाई आधुनिकरण गर्न वासिंग मेशिन वितरण गर्ने ।